# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग
### थापाथली, काठमाण्डौं

**नागरिक बचतपत्र २०८२ निष्काशन सम्बन्धी सूचना**

नेपाल सरकारको तर्फबाट राष्ट्र ऋण व्यवस्थापन विभागद्वारा देहाय बमोजिमका विशेषता एवम् व्यवस्था कायम गरी नागरिक बचतपत्र २०८२ निष्काशन गरिने भएकोले इच्छुक नेपाली नागरिकहरुले बचतपत्र खरीद गर्नको लागि आवेदन दिनुहुन अनुरोध छ ।

**१. विशेषताहरु**

| | | |
|---|---|---|
| (क) बचतपत्रको नाम | : | नागरिक बचतपत्र २०८२ (५ वर्षे) । |
| (ख) निष्कासन हुने रकम | : | रु. ४ अर्ब (चार अर्ब रुपैयाँ मात्र) । |
| (ग) वार्षिक ब्याजदर | : | ९ प्रतिशत (ब्याजकर लाग्ने) । |
| (घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा हुने । |
| (ङ) खरिद गर्न पाउने सीमा | : | घटिमा दश हजार रुपैयाँ र बढीमा कुल निष्काशित रकमको सीमामा नबढाई रु. दश हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा । |
| (च) लगानी (खरिद) कर्ता | : | नेपाली नागरिकले मात्र खरिद गर्न सक्ने । |
| (छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने । |

**२. बिक्री, निष्काशन र साँवा भुक्तानी**

| | | |
|---|---|---|
| (क) विक्री खुला हुने अवधि | : | २०७७ जेठ १ गतेदेखि जेठ २१ गतेसम्म । |
| (ख) निष्कासन मिति | : | २०७७ जेठ २५ गते । |
| (ग) साँवा भुक्तानी मिति | : | २०८२ जेठ २५ गते । |

**३. अन्य व्यवस्था**

| | | |
|---|---|---|
| (क) आवेदन फारम | : | आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र नेपाल राष्ट्र बैंकका काठमाण्डौं उपत्यका बाहिरका कार्यालयहरुबाट निःशुल्क पाइने । यस बैंकको वेब साइट www.nrb.org.np मा Public Debt बाट डाउनलोड पनि गर्न सकिने । |
| (ख) आवेदन फारम बुझ्ने कार्यालयहरु | : | यो नागरिक बचतपत्रको आवेदन फारम बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाण्डौं उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरुमा बुझाउन सकिने । (बजार निर्माताहरुको सूची यस बैंकको वेबसाइट http:// www .nrb.org.np मा Public Debt अन्तर्गत उपलब्ध रहेको) |
| (ग) ब्याज भुक्तानी लिने स्थान | : | आफूलाई पायक पर्ने वाणिज्य बैंकहरु, बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाण्डौं उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरु । |
| (घ) खण्डित अवधिको ब्याज | : | खरिदको लागि रकम बुझाएकै मितिदेखि निष्काशन मितिभन्दा अघिल्लो दिनसम्मको तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज रकम भुक्तानी दिइने । |
| (ङ) बचतपत्रको किसिम | : | स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र लिन सकिने । स्टक वा प्रमिशरी नोट मध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने । लेखपढ गर्न नजान्ने व्यक्तिलाई स्टक प्रमाणपत्र उपलब्ध गराइने । |
| (च) आवेदन साथ पेश गर्नुपर्ने कागजात | : | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, नाबालकको नाममा बचतपत्र खरिद गर्ने भएमा संरक्षकको नागरिकताको प्रमाणपत्र र नाबालकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने । लेखपढ गर्न नजान्ने व्यक्तिले आवेदन साथ उपरोक्त कागजातका अलावा आफ्नो २ प्रति पासपोर्ट साईजको फोटो समेत पेश गर्नुपर्ने । |
| (छ) अस्वीकृत आवेदनकर्ताको | : | रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रकम बिना ब्याज |

| | | |
|---|---|---|
| रकम भुक्तानी | | निष्कासन मितिको ७ दिनभित्र फिर्ता गरिने । |
| (ज) बाँडफाँट सम्बन्धी व्यवस्था | : | खुला बजार संचालन समितिको निर्णय बमोजिम हुने । |
| (झ) थप जानकारी | : | यस विषयमा थप जानकारीको लागि राष्ट्र ऋण व्यवस्थापन विभाग वा बजार निर्माताहरु वा नेपाल राष्ट्र बैंकका काठमाण्डौं उपत्यका बाहिरका कार्यालयहरुमा सम्पर्क राख्न हुन वा यस बैंकको वेबसाइट http://www.nrb.org.np मा Public Debt भित्र हेर्नु हुन वा फोन नं. ०१-४४४३८७१/२३६ मा सम्पर्क राख्नु हुन अनुरोध छ । |

**नोटः** यसै सूचनालाई आधार मानी नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालय र सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न यस बैंकबाट इजाजतपत्र लिएका बजार निर्माताहरुले उक्त बचतपत्रको बिक्री वितरण बैंकको वेबसाइटमा राखिएको नागरिक बचतपत्रको बिक्री प्रक्रिया अनुसार गर्न गराउन हुन अनुरोध छ ।